# सामुदायिक र संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा
व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड) दोस्रो
वर्षको आवश्यकता पूरा गर्नका लागि
तयार पारिएको

**शोधपत्र**

शोधकर्ता
निर्मला घिमिरे
क्याम्पस क्रमाङ्क : १७/२०७०
परीक्षा क्रमाङ्क : २४००००७/०७१
त्रि.वि. दर्ता नं. ९-१-४३-३२६-२०१०

सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०७५

सप्तगण्डकी बहुमुखी क्याम्पस
SAPTAGANDAKI MULTIPLE CAMPUS
Estd. 2045 (1988)
*(Affiliated to T.U. and NEB, Nepal)*
भरतपुर, चितवन नेपाल
Bharatpur, Chitwan, Nepal

प.सं./L.No.
च.नं./Ref. No.

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तहएम्. एड्. दोस्रो वर्षको आवश्यकता पुरा गर्नका निमित्त शोधकर्ता निर्मला घिमिरेले **सामुदायिक र संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग** विषयक शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पार्नुभएको हुनाले आवश्यक मूल्याङ्कनको निमित्त सिफारिस गर्दछु ।

.................................

उप. प्रा. देनप्रसाद लामिछाने

(शोधनिर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

**मिति : २०७५।११।१५ (17th Feb. 2019)**

Tel. : 056-520754, 522558, 523021, Fax: 056-523021, E-mail : saptagandaki@yahoo.com, smc.bharatpur@gmail.com

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोध कार्यको तयारीका क्रममा शुरुदेखि अन्त्यसम्म आफ्नो अमूल्य सहयोग तथा सुझाव प्रदान गरेर सहयोग प्रदान गर्नुहुने शोध निर्देशक आदरणीय गुरु उप.प्रा. देनप्रसाद लामिछाने ज्यूप्रति हार्दिक अभार व्यक्त गर्दछु । यस सप्तगण्डकी बहुमुखी क्याम्पस शिक्षा योजनातथा व्यवस्थापन विभागका विभागीय प्रमुख आदरणीय गुरु सह. प्राध्यापक कुवेरनाथ शर्मा प्रति कृतज्ञता व्यक्त गर्दछु । साथै शोधपत्रत तयारीका क्रममा आफ्नो अमूल्य सहयोग पुऱ्याउनु हुने आदरणीय गुरु उप. प्रा. होमनाथ सापकोटा लगायत सम्पूर्ण सप्तगण्डकी परिवार प्रतिपनि कृतज्ञता व्यक्तगर्दछु ।

शोधकार्यको क्रममा आवश्यक तथ्यांक उपलब्ध गराई सहयोग गर्नु हुने छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी एवम् कर्मचारी वर्गहरुमा हार्दिक कृतज्ञता प्रकट गर्दछु । शोधकार्यलाई यथासक्य छिटो र शुद्धसँग टाइप गरी अन्तिम रुप प्रदान गर्नका लागि सहयोग पुऱ्याउनु हुने जानुका सापकोटा ज्यू प्रति कृतज्ञता व्यक्तगर्दछु ।

निर्मला घिमिरे

# शोधसार

***सामुदायिक र संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग*** *शीर्षकमा तयार गरिएको प्रस्तुत शोधकार्यलाई सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगको वर्तमान अवस्था पहिचान गर्नु, सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगमा प्रभाव पार्ने तत्वहरुको विश्लेषण गर्नु, सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइ क्रियाकलापमा परेको प्रभावकारिताको विश्लेषण गर्नु, सामुदायिक तथा संस्थागत विद्यालयमा सामग्रीको प्रयोगमा देखिएका कमीकमजोरीहरु पत्ता लगाई निराकरणका उपायहरु सुझाउनु जस्ता उद्देश्यमा केन्द्रित गरिएको छ ।*

*भरतपुर महानगरपालिका अन्तर्गत रहेका १२७ सामुदायिक र १३४ संस्थागत विद्यालयहरु मध्ये सम्भावना रहित उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा श्री उषा अंग्रेजी विद्यालय, मंगलपुर, श्री अर्विट बोर्डिंग स्कुल, विकासचोक, श्री श्रीपुर मा.वि., फुलबारी, श्री कैलाशनगर मा.वि., कैलाशनगर गरी जम्मा ४ वटा विद्यालयलाई अध्ययनको जनसंख्याका रुपमा लिएर उक्त विद्यालयहरुमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था सम्बन्धी गहन अध्ययन अनुसन्धान गरिएको छ । जसमध्ये प्र.अ. १।१ का दरले ४ जना , शिक्षक २।२ का दरले ८, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष १।१ का दरले ४ जना, अभिभावक २।२ जनाका दरले ८ जना तथा विद्यार्थी ३।३ जनाका दरले १२ जना गरी जम्मा ३६ जनासँग अनुसन्धान कर्ताको प्रत्यक्ष उपस्थितिमा अन्तरवार्ता, प्रश्नावली एवम् कक्षा अवलोकनको माध्यमबाट तथ्यांक संकलन गरिएको छ । तथ्यांक संकलनका क्रममा प्रश्नावली, अवलोकन, छलफल तथा अन्तरक्रिया जस्ता तथ्यांक संकलनका साधनहरुलाई प्रयोग गर्नुका साथै तथ्यांक संकलनको प्राथमिक तथा द्वितीय स्रोतलाई प्रयोगमा ल्याइएको छ । प्रस्तुत अध्ययन गुणत्मक ढाँचाको हुने भएको हुँदा विवरणात्मक तवरबाट व्याख्या तथा विश्लेषण गरिएको छ । तथ्यांक संकलनको द्वितीय स्रोतका रुपमा इमेल तथा इन्टरनेटको समेत प्रोयोग गरी तथ्य संकलन गरिएको छ ।*

*छोटमा परेको विद्यालय श्री उषा अंग्रेजी विद्यालयलयलाई हेर्दा केही रकम लगानी गरेर बजारबाट किनेर ल्याई आवश्यक शैक्षिक सामग्रीहरुलाई विद्यार्थी सामु प्रयाग गर्दै आएको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । शिक्षकहरुले कुनै कुनै*

*सामग्री चार्ट वनाएको पाइयो । विद्यार्थीले वनाएका केही चित्र,चार्टहरु भित्तामा टाँसेर राखेको पाइयो । पाठ्यक्रममा उल्लेखित सामग्रीहरु पर्याप्त रुपमा नभएको पाइयो । सबै कोठामा सेतो पार्टी  वनाउने योजना भएको पाइयो ।  श्री अर्विट बोर्डिग विद्यालयमा पनि बढी मात्रामा प्रयोग हुने चार्ट, नक्सा, ग्लोव ज्यामिति बक्स, ग्राफ,  क्यासेट प्लेयर वजारबाट किनेर ल्याएको पाइयो जस्ता सामग्रीको प्रयोग गर्दै आएको पाइयो ।  अध्ययनका लागि छनोटमा परेका सामुदायिक विद्यालयहरु क्रमशः कैलाशनगर मा.वि. र श्री श्रीपुर मा.वि. मा पनि अत्यावश्यक केही चार्ट, नक्सा, ग्लोव, मोडल, क्यासेट प्लेयर, ग्राफ बोर्ड जस्ता सामग्री विद्यालयको स्रोतबाट खरिद गरेको पाइयो । ती सामग्रीहरु पर्याप्त नभएको हुँदा उचित प्रयोगका लागि असहजता भएको पाइयो ।*  विद्यालयमा  विद्यार्थीहरुलाई स्थानीय स्तर तथा बजारबाट खरिद गरेर भए पनि विविध शैक्षिक सामग्रीको प्रयोग गरेर अध्यापन गराउनु पर्दछ भन्ने धारणा शिक्षकहरुको रहेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगको तुलनात्मक अवस्थालाई हेर्दा तुलनात्मक रुपमा संस्थागत विद्यालयको राम्रो भएको निष्कर्ष प्रस्तुत गरिएको छ ।

## विषय सूची

### परिच्छेद एक


**परिचय** १-१२

१.१ अध्ययनको पृष्ठभूमि 1

१.२ समस्याको कथन 7

१.३ अध्ययनको औचित्य 8

१.४ अध्ययनको उद्देश्य ९

१.५ अनुसन्धान प्रश्नहरु 10

१.६ अध्ययनको परिसिमा 11

**परिच्छेद दुई**

**सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** १३-२२

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन 13

२.२ सैद्धान्तिक खाका 20

२.३ पुनरावलोकनको शैक्षिक उपादेयता 22

**परिच्छेद तीन**

**अध्ययन विधि** २३-**26**

३.१ अनुसन्धानको ढाँचा 23

३.२ अध्ययनको जनसङ्ख्या र नमूना छनोट 23

३.३ अध्ययन साधनको निर्माण 24

३.४ तथ्याङ्क संकलनका स्रोतहरु 25

३.५ तथ्याङ्क संकलन विधि 25

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण 26

## परिच्छेद चार

## तथ्यांकको व्याख्या तथा विश्लेषण 27-44


४.१ सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्री प्रयोगको वर्तमान अवस्था 27

४.१.१ विद्यालयमा शैक्षिक सामग्रीको अवस्था 28

४.१.२ विद्यालयमा शैक्षिक सामग्री निर्माण प्रक्रिया 31

४.१.३ शैक्षिक सामग्री भण्डारण र शिक्षणमा त्यसको प्रयोगको अवस्था 33

४.२ सामुदायिक तथा संस्थागत विद्यालायमा शैक्षिक सामग्रीको प्रयोमा प्रभाव पार्ने तत्वहरु 35

४.२.१ शिक्षकको कार्य दक्षता 35

४.२.२. आर्थिक अवस्था 36

४.२.३ परम्परागत धारणा 36

४.३ सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइ क्रियाकलापमा परेको प्रभाव 37

४.३.१ बालबालिकाको रुचिमा प्रभाव 38

४.३.२ सिकाइ उपलब्धि वृद्धि 38

४.३.३ शिक्षक विद्यार्थी बिचको सुमधुर सम्बन्ध कायम 39

४.३.४ विद्यार्थीको सृजनाशीलतामा प्रभाव 40

४.३.५ विद्यार्थीमा सकारात्मक भावनाको विकास गराउन सहजता 40

४.४. सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगमा देखिएका कमी कमजोरी तथा निराकरणका उपायहरु 41

४.४.१ शिक्षकको कार्य दक्षतामा सुधार 41

४.४.२. विद्यालयको आर्थिक अवस्थामा सुधार 42

४.४.३ अभिभावकलाई शिक्षाप्रति जनचेतना 43

४.४.४ शिक्षकलाई पिरियडभार कम 43

परिच्छेद पाँच

निष्कर्ष र सुझाव ४५-49


५.१ निष्कर्ष 45

५.२ सुझावहरु 48

५.२.१ नीतिनिर्माण तह 48

५.२.२ कार्यान्वयनतह 48

५.२.३ अनुसन्धानतह 48

**सन्दर्भग्रन्थहरु**

**अनुसूचीहरु**